सम्बत् २०७५ साल साउन १० गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— कर्णाली विकास आयोग तथा सुदूरपश्चिम विकास आयोग विघटन गर्ने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को अनुसूची हेरफेर गर्ने ।

३. अर्थ मन्त्रालय— Urban Water Supply and Sanitation (Sector) Project को लागि एशियाली विकास बैंकबाट १३० मिलियन अमेरिकी डलर ऋण सहायता प्राप्त गर्नेसम्बन्धी सम्झौता वार्ता गर्नका लागि वार्ता टोली गठन गरी वार्ता गर्ने अख्तियारी दिने ।

४. अर्थ मन्त्रालय— सार्वजनिक संस्थान निर्देशन बोर्डलाई खारेज गर्ने ।

५. अर्थ मन्त्रालय— मिलेनियम च्यालेन्ज एकाउण्ट विकास समिति (गठन) आदेश, २०७४ लाई निरन्तरता दिने ।

६. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मन्त्रालय—

क) विकास समिति ऐन, २०१३ को दफा ३ बमोजिम गठित देहाय अनुसारका निकायहरुलाई यथावत कायम राख्ने ।

१ वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र

२ भूमिगत जलश्रोत विकास समिति

ख) नेपाल सरकारको निर्णय एवं छुट्टै ऐन बमोजिम गठन भएका देहायका निकायहरुको भविष्यमा आवश्यकता अनुसार पुनःसंरचना गर्ने गरी यथावत कायम राख्ने ।

१ जल तथा ऊर्जा आयोग

२ विद्युत नियमन आयोग

३ नेपाल विद्युत प्राधिकरण

७. ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय मन्त्रालय— नेपाल र बंगलादेश बीच विद्युत क्षेत्रमा अापसी सहयोग आदान प्रदान गर्ने Memorandum of Understanding मा हस्ताक्षर गर्न माननीय ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रीलाई अख्तियारी दिने।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेश गर्न स्वीकृति प्रदान गर्ने ।

९. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय मातहतको कानून किताव व्यवस्था समितिलाई खारेज नगरी कायमै राख्ने ।

१०. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक संघीय संसद् समक्ष पेश गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

११. गृह मन्त्रालय— क्षतिपूर्ति वापत आर्थिक सहायता उपलब्ध गराउने ।

१२. गृह मन्त्रालय— संस्था दर्ता, नियमन र व्यवस्थापन सम्बन्धी विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति दिने ।

१३. गृह मन्त्रालय— अध्यागमन नीति, २०७५ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

१४. गृह मन्त्रालय—
मनोनयन स्वीकृति विषयको गृह मन्त्रालयको नं. ८/४७-०७५/४/१० को प्रस्ताव – प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१५. गृह मन्त्रालय— सप्तरी जिल्ला तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ४ को मुसहर बस्ती निर्माणको लागि संकलित रकम फुकुवा गर्ने ।

१६. परराष्ट्र मन्त्रालय—संयुक्त राष्ट्रसंघीय मानव अधिकार परिषदको सदस्य पदमा सन् २०२१-२३ अवधिका लागि नेपालले पुनःउम्मेद्वारी दिने ।

१७. परराष्ट्र मन्त्रालय—माननीय परराष्ट्रमन्त्रीलाई प्रतिनिधिमण्डलको तेतृत्व गरी पोर्चुगल, बेल्जियम र लक्जेम्बर्ग भ्रमण गर्न स्वीकृति प्रदान गर्ने ।

१८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय– भारतको नयाँ दिल्लीमा हुने "MOVE: Global Mobility Summit" को inaugural session मा Special Guest र Key Speaker को रुपमा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्नेगरी माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री श्री रघुवीर महासेठलाई भाग लिन जान स्वीकृति प्रदान गर्ने ।

१९. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय– त्रिपुरेश्वर-कलङ्की-नागढुङ्गा र चाबहिल-जोरपाटी-बागमती-साँखु सडक खण्डको हाललाई उपलब्ध चौडाईमा कालोपत्र सडक निर्माण गरी मौजुदा ठेक्काहरु फरफारक गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने।

२०. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय– सह सचिव श्री कुल प्रसाद चुडालको राजीनामा स्वीकृत गर्ने सम्बनधी प्रस्ताव फिर्ता गर्ने ।

२१. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय– बालबालिका सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२२. रक्षा मन्त्रालय— नेपाली सेनाको प्रधान सेनापति महारथी श्री राजेन्द्र क्षत्री घर विदामा बस्ने हुँदा सैनिक ऐन, २०६३ को दफा ८ को उपदफा (३) बमोजिम बलाधिकृत रथी पूर्णचन्द्र थापालाई मिति २०७५।०४।२५ बाट लागू हुने गरी कायम मुकायम प्रधान सेनापति भई कार्यभार सम्हाल्ने गरी तोक्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

२३. वन तथा वातावरण मन्त्रालय– प्रसारणलाइनको राइट अफ वे निर्माणको लागि वन क्षेत्र प्रयोग गर्न दिने।

२४. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय– अनुदान रकम उपलब्ध गराउने विषयको प्रस्ताव भौतिक पूर्वाधार विकासका लागि विस्तृत योजना तथा कार्यक्रमसहित थप गृहकार्य गरी पेश गर्न फिर्ता गर्ने ।

२५. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय– शिक्षा ऐन, २०२८ को दफा ११च को उपदफा ७ बमोजिम निवृत्तिभरण पाउने अवस्था नभई मृत्यु भएका शिक्षकको हकमा निवृत्तिभरण प्रयोजनका लागि बढीमा सात वर्षसम्मको अस्थायी सेवा अवधि मात्र जोड्न सक्ने व्यवस्था गरी अस्थायी सेवा गणना गरी सुविधा प्रदान गर्ने ।

२६. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय– विकास समिति ऐन, २०१३ बमोजिम गठन भएका विकास समितिहरु यथावत रुपमा सञ्चालन गर्ने विषयको प्रस्ताव थप गृहकार्य गर्ने गरी प्रस्ताव फिर्ता गर्ने ।

२७. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय– विश्वविद्यालयहरूले प्रदान गर्दै आइरहेको सम्बन्धन प्रकृया स्थगन गर्ने ।

२८. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय– नेपाल भारत हवाई सेवा सम्झौताको Article १३ Cooperative Marketing Arrangements अनुमोदन गर्ने।

२९. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय– Procedures for the Establishment of Airlines or Extension of Domestic Airlines for International Sector for International Air service Operation By Private Airlines in Nepal विषयक परिमार्जित Terms of Reference (TOR) स्वीकृति गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

३०. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— लुम्बिनी विकास कोषको उपाध्यक्ष पदमा श्री अवधेश कुमार त्रिपाठी र सदस्य सचिव पदमा श्री विष्णु ढकाललाई मनोनयन गर्ने।

३१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय तहको अन्तरिम संगठन संरचना तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ मा संशोधन गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

३२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल सरकार र चीनको सरकारबीच MOU मा हस्ताक्षर गर्ने विषयको प्रस्ताव शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रायलाई मध्यनजर गरी थप गृहकार्य गर्न प्रस्ताव फिर्ता पठाउने ।

३३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५/०३/३२ को निर्णयबाट स्वीकृत प्रस्ताव संशोधन गर्ने ।

३४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— दूरसञ्चार (सातौं संशोधन) नियमावली, २०७५ स्वीकृत गर्ने विषयको प्रस्ताव मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने ।

३५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— रेडियो प्रसार विकास समिति (रेडियो नेपाल) लाई कायम राख्ने ।

३६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई कायम राख्ने ।

३७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— सुरक्षण मुद्रण विकास समिति कायम राख्ने ।

३८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल मिडिया काउन्सिल सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

३९. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— अंग प्रत्यारोपण समन्वय समितिको अध्यक्ष र सदस्य पदमा मनोनयन गर्ने ।

४०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— धुर्मुस सुन्तली फाउण्डेशनलाई वीर अस्पताल सरसफाई वापत रू. ६९,८६,०००। (अक्षरेपी उनन्सत्तरी लाख छयासी हजार रूपैया मात्र) अनुदान उपलब्ध गराउने । उक्त रकम वीर अस्पतालको लागि आ.व. २०७५।७६ मा विनियोजित वजेटवाट उपलब्ध गराउन स्वीकृति प्रदान गर्ने ।

४१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— भारतको नयाँ दिल्लीमा हुने कार्यक्रममा माननीय उपप्रधानमन्त्री एवं स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री सहभागी हुन स्वीकृति दिने।

४२. सन्धिखर्क न.पा. वार्ड नं. २ अर्घाखाँची निवासी बुद्धिबहादुर रायमाझीलाई आर्थिक सहायता वापत दश लाख रूपैयाँ उपलब्ध गराउने ।

४३. देहायका व्यक्तिहरूलाई उपचार खर्चबापत देहायबमोजिमको रकम आर्थिक सहायता उपलब्ध गराउने ।

(क) दैलेख जिल्ला निवासी हर्क शाहीलाई तीन लाख रुपैयाँ ।

(ख) वेसीशहर न.पा.-६, लमजुङ निवासी डम्बरी बोहोरालाई पाँच लाख रुपैयाँ ।

(ग) नवलपरासी निवासी गोविन्द चौधरीलाई तीन लाख रुपैयाँ ।

(घ) महोत्तरी निवासी केदारनाथ पाठकलाई तीन लाख रुपैयाँ ।

(ङ) बाँसगढी न.पा., बर्दिया निवासी सुस्मिता नेपालीलाई पाँच लाख रुपैयाँ ।

(च) हेटौंडा न.पा. -१४, मकवानपुर निवासी मदन रिमाललाई पाँच लाख रुपैयाँ ।

(छ) का.म.न.पा. -१७, काठमाडौं निवासी राजु नेपालीलाई पाँच लाख रुपैयाँ ।

४४. महान्यायाधिवक्ता कार्यालयका नायब महान्यायाधिवक्ता श्री गणेशबाबु अर्यालले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७५।४।७ देखि अवकाश प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

४५. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव डइन्द्रप्रसाद उपाध्यायले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७५/४/६ देखि अवकाश प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

४६. उपराष्ट्रपतिको कार्यालयका सचिव शंकरप्रसाद अधिकारीले निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०७५/४/६ देखि अवकाश प्राप्त गर्नु भएकोले उहाँले नेपाल सरकारको निजामती सेवाका विभिन्न ओहदामा रही हालसम्म गर्नुभएको सेवाका निमित्त धन्यवाद दिने ।

४७. नेपाल पर्वतारोहण संघलाई १२ वटा हिमचुलीको व्यवस्थापन गर्ने अधिकार पुनः पाँच वर्षका लागि नविकरण गर्ने विषयको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको नं. १७/५-०७५/१/२५ को प्रस्ताव मं.प.बै.सं. १६/०७५ मिति ०७५/३/१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२८ को मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिको बैठकमा छलफल हुँदा निर्णय हुनुपर्ने व्यहोरामा संशोधनका लागि सिफारिस भए तापनि मन्त्रालयबाट पेश भएबमोजिम हुने गरी प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४८. मं.प.बै.सं. ०७/०७५ मिति ०७५/२/६ को मन्त्रिपरिषद्को बैठकबाट "राष्ट्रकवि माधव घिमिरेलाई उपचारको क्रममा लागेको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने । उहाँलाई भारतको नयाँ दिल्लीमा उपचार गर्दा लागेको खर्च रकम नयाँ दिल्लीस्थित नेपाली राजदूतावासमार्फत सम्बन्धित अस्पताललाई उपलब्ध गराउने । सो वापतको रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत निकासा दिने ।" निर्णय भएकोमा सोको सट्टा "राष्ट्रकवि माधव घिमिरेलाई उपचारको क्रममा लागेको सम्पूर्ण खर्च नेपाल सरकारले व्यहोर्ने । उहाँलाई नयाँ दिल्लीमा उपचार गर्दा लागेको वीलबमोजिमको खर्च रकम परराष्ट्र मन्त्रालयले उपलब्ध गराउने । सो वापतको रकम अर्थ मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत निकासा दिने ।"

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।

सम्बत् २०७५ साल असार ३२ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद् बैठकबाट भएका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— प्रदेश नं. ३ का प्रदेश प्रमुख मा. अनुराधा कोइरालालाई भारत भ्रमण गर्न स्वीकृति दिने ।

२. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सचिव लक्ष्मण मैनाली, सचिव शंकरप्रसाद अधिकारी, सचिव डिल्लीराज घिमिरे र प्रमुख सचिव लक्ष्मीराम पौडेलको घर विदा स्वीकृत गर्ने ।

३. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय— सार्वजनिक खरिद पुनरावलोकन समितिको सदस्यमा श्री कमलकुमार श्रेष्ठलाई नियुक्त गर्ने ।

४. अर्थ मन्त्रालय— Disaster Resilience of Schools Project को लागि एशियाली विकास बैंकबाट ऋण तथा अनुदान सहायता प्राप्त गर्ने सम्बन्धी वार्ता गर्नका लागि वार्ता टोली गठन गरी अख्तियारी दिने ।

५. अर्थ मन्त्रालय— विश्व बैंकको केन्द्रीय कार्यालय अमेरिकामा हुने कार्यक्रममा सहभागिताका लागि नेपाल सरकारको तर्फबाट माननीय अर्थमन्त्रीको नेतृत्वमा प्रतिनिधिमण्डलको मनोनयन स्वीकृत गर्ने।

६. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय— UNCTAD World Investment Forum 2018 मा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीको नेतृत्वमा उच्चस्तरीय प्रतिनिधिमण्डल सहभागी हुन स्वीकृति दिने।

७. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— राजश्व न्यायाधिकरण ऐन २०३१ को दफा ३ बमोजिम उच्च अदालत पाटनका न्यायाधीश श्री किशोर सिलवाललाई राजश्व न्यायाधिकरण काठमाडौंको कानून सदस्य एवं अध्यक्ष तोक्ने ।

८. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय— नेपाल न्याय सेवा, न्याय र कानुन समूहको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू श्री नारायणप्रसाद पन्थसमेतको सरूवा गर्ने ।

९. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— स्वास्थ्य मन्त्रालय वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालका नाममा रहेको जग्गा सभाहल निर्माणको लागि भरतपुर महानगरपालिकालाई लिजमा उपलब्ध गराउन स्वीकृति दिने विषय प्रस्ताव, सहमति/सिफारिश सम्बन्धमा थप स्पष्ट गरी पेश गर्न प्रस्ताव फिर्ता पठाउने ।

१०. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— भू-सूचना प्रणाली सञ्चालन (पहिलो संशोधन) निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

११. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय— Global Agribusiness Forum मा सहभागी हुने राज्यमन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई सहभागी हुन स्वीकृत गर्ने ।

१२. गृह मन्त्रालय— क्षतिपूर्ति रकम उपलब्ध गराउने ।

१३. परराष्ट्र मन्त्रालय— परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई कायम राख्ने ।

१४. परराष्ट्र मन्त्रालय— प्रमाणीकरण दस्तुर पुनः संशोधन गर्ने ।

१५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय— Norms for rate Analysis of road and bridge works-2075 स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

१६. महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय— बेलायतको Olympic Park मा आयोजना हुने "Global Disability Summit" कार्यक्रममा सहभागी हुन महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री थममाया थापाको नेतृत्वमा सहभागी हुन स्वीकृत दिने ।

१७. रक्षा मन्त्रालय— प्राविधिक सहायक रथी डा. सुनिल कुमार सिंहलाई सरुवा गर्ने।

१८. वन तथा वातावरण मन्त्रालय– बरण्डाभार संरक्षित वनको चारकिल्ला संशोधन गर्ने विषयको प्रस्ताव फिर्ता गर्ने ।

१९. वन तथा वातावरण मन्त्रालय— भूकम्पबाट क्षतिग्रस्त सडक योजनाहरूको स्तरोन्नति गर्नका लागि वन क्षेत्र प्रयोग गर्न दिने विषयको प्रस्ताव मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।

२०. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन तथा कार्यदेश स्वीकृत गर्ने ।

२१. शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय— त्रिभुवन विश्वविद्यालय, चिकित्सा शास्त्र अध्ययन संस्थानका प्रा . ले .सी.गोविन्द के .डाउठाएका मागका सम्बन्धमा वार्ताका लागि नेपाल सरकारका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव खगराज बरालको संयोजकत्वमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागका महानिर्देशक डागुणराज . लोहनी र गृह मन्त्रालयका सहसचिव श्री केदार न्यौपाने सदस्य रहने गरी वार्ता समिति गठन गर्ने ।

२२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय—

क) नेपाल सरकार, प्रदेश तथा स्थानीय तह, विश्वविद्यालय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्थान, समिति, परियोजना, प्रतिष्ठान र मातहतका निकायमा काम गर्ने सबै श्रमिक तथा कर्मचारीको पारिश्रमिक एवं वित्तीय सुविधा वि.सं. २०७५ श्रावण १ गते देखि प्रक्रिया आरम्भ गरी २०७५ असोज मसान्तसम्म अनिवार्य रूपमा बैंक खाता मार्फत भूक्तानीको व्यवस्था मिलाउने ।

ख) आम सञ्चार प्रतिष्ठान, बैक, वित्तीय संस्था, बीमा कम्पनी, होटल, एयरलाईन्स, ट्राभल एजेन्सी लगायत सेवा उद्योग, सहकारी संस्था र श्रमिक आपूर्तिकर्ता, सामुदायिक एवं संस्थागत शिक्षण संस्था तथा कानून बमोजिम दर्ता भएका गैरसरकारी संघसंस्था, ट्रष्ट, कम्पनी ऐन, विशेष ऐन, गठन आदेश लगायत कानून बमोजिम गठित सबै संघसंस्थाहरूले आफू मातहत काम गर्ने श्रमिक तथा कर्मचारीलाई वि.सं. २०७५ पौष मसान्तभित्र अनिवार्य रूपमा बैंक खाता मार्फत पारिश्रमिक तथा वित्तीय सुविधा भुक्तानीको व्यवस्था मिलाउने।

ग) खण्ड (क) र (ख) मा उल्लेख गरिएका बाहेक अन्य सबै प्रतिष्ठान मातहत काम गर्ने श्रमिक तथा कर्मचारी र घरेलु श्रमिकको पारिश्रमिक एवं वित्तीय सुविधा वि.सं. २०७६ पौष मसान्तभित्र अनिवार्य रूपमा बैंक वा वित्तीय संस्थामार्फत सम्बन्धित श्रमिक तथा कर्मचारीहरूको बैंक खातामा भूक्तानी गर्ने व्यवस्था मिलाउने ।

घ) कुनै स्थानीय तहमा बैंक तथा वित्तीय संस्था स्थापना र सञ्चालन भएको रहेनछ भने त्यस्तो स्थानमा वैंक तथा वित्तीय संस्था स्थापना भएको मितिले ३ महिनाभित्र माथि उल्लेखित निकायमा कार्यरत श्रमिक तथा कर्मचारीहरुलाई अनिवार्य रूपमा बैंक खाता मार्फत पारिश्रमिक एवं वित्तीय सुविधा भुक्तानीको व्यवस्था मिलाउने ।

ङ) आकस्मिक वा आंशिक रोजगारी वापतको भुक्तानी नगदै वा चेक मार्फत गर्न सकिने ।

२३. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय— चीनको Lesan मा आयोजना हुने 5th Sichuan Int'l Travel Expo मा मा. मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने ।

२४. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— गाउँपालिका र नगरपालिकाको नाम वा केन्द्र परिवर्तन गर्ने विषयको प्रस्तावसाथ संलग्न अनुसूचीको क्र.सं. २, ३, ६, ७ र ९ को हकमा थप स्पष्ट गर्न फिर्ता पठाउने गरी अन्यको हकमा प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ४ मा भएको व्यवस्था अनुसार गोरखा जिल्लाको धार्चे गाउँपालिकाको केन्द्र साविक गुम्दा गाविसको कार्यालय रहेको स्थानबाट वडा नंमाछिखोला र पर्वत जिल्लाको मोदी गाउँपालिकाको केन्द्र ५ . साविक देउपुर गाविसको कार्यालयबाट मोदी-२ पातिचौर बजार हेरफेर गर्ने ।

२६. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्यार्पु पावर कम्पनी दर्ता गर्न स्वीकृति दिने ।

२७. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— लगानी बोर्डको कार्यालय लगायत ८ निकायहरु र अन्तर्गतका कार्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

२८. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— ऊर्जा जलस्रोत तथा सिँचाई मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग र अन्तर्गतका कार्यालयहरुको संगठन संरचना र दरवन्दी तेरिज स्वीकृत गर्ने ।

२९. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— खुमलाल भण्डारीसमेतलाई थप आर्थिक सहायता उपलब्ध गराउने ।

३०. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— निजामती कर्मचारी थप आर्थिक सहायता (व्यवस्थापन) निर्देशिका, २०७५ स्वीकृति विषयको प्रस्ताव मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।

३१. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— स्थानीय पूर्वाधार विभाग लगायतका निकायहरुको संगठन संरचना र दरवन्दी तेरिज संशोधन सहित स्वीकृत गर्ने ।

३२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— दुर्गम क्षेत्र विकास समिति खारेज गर्ने ।

३३. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय— प्रदेश तथा स्थानीय तहमा खटिएका निजामती र निजामती बाहेकका अन्य स्थायी कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन व्यवस्था स्वीकृत गर्ने ।

३४. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— आमसञ्चार सम्बन्धी नयाँ विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृती प्रदान गर्ने।

३५. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— 4th Annual Asia-Pacific Spectrum Management Conference मा सहभागी भएकझ सचिवको भ्रमण समर्थन गर्ने ।

३६. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त सदस्य (कानुन) पदमा नियुक्ति सिफारिश गर्न समिति गठन गर्ने ।

३७. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— अर्को व्यवस्था नभए सम्मका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव श्री ऋषिराम तिवारीलाई चलचित्र विकास बोर्डको अध्यक्ष मनोनयन गर्ने।

३८. सञ्चार तथा सूचना प्रविधि मन्त्रालय— नेपाल दूरसञ्चार प्राधिकरणको रिक्त अध्यक्ष पदमा नियुक्ति सिफारिश गर्न समिति गठन गर्ने ।

३९. सहरी विकास मन्त्रालय— धरान खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न स्वीकृति दिने ।

४०. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— अस्पताल विकास समिति (गठन) आदेश विघटन र स्वास्थ्य संस्थाहरू हस्तान्तरण गर्ने ।

४१. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय— २०७५ साल असोज मसान्तसम्म जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयहरू यथावत राख्ने ।

४२. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र सहरी विकास मन्त्रालय अन्तर्गतका संघमा रहने निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/३१-०७५/३/५ को प्रस्ताव मं.प.बै.सं. १६/०७५ मिति २०७५/३/१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।" निर्णय भएअनुसार मिति २०७५/३/२६ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार देहायबमोजिम गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिई अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने-

मन्त्रिपरिषद् प्रशासन समितिबाट सिफारिश भएबमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत रहने थप डिभिजन सडक कार्यालय, यान्त्रिक कार्यालय र यान्त्रिक तालिम केन्द्रका सम्बन्धमा थप गृहकार्य एवं आवश्यक समन्वय गरी उपयुक्त प्रस्ताव गर्ने ।

४३. प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मातहत रहने निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/३२-०७५/३/६ को प्रस्ताव मं.प.बै.सं. १६/०७५ मिति २०७५/३/१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२६ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४४. भाषा आयोग, प्रतिलिपि अधिकारको कार्यालय र महालेखा नियन्त्रकको कार्यालय अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/३४-०७५/३/११ को प्रस्ताव मं.प.बै.सं. १६/०७५ मिति २०७५/३/१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२६ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४५. राष्ट्रपतिको कार्यालय र उपराष्ट्रपतिको कार्यालय तथा संबैधानिक निकायहरूमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग र राष्ट्रिय महिला आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/३५-०७५/३/११ को प्रस्ताव मं.प.बै.सं. १६/०७५ मिति २०७५/३/१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२६ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार देहायबमोजिमसमेत गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने—

राष्ट्रपति कार्यालयको साविकको दरवन्दीमा रहेको नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल समूह स्यानिटरी उपसमूहको सट्टा नेपाल इन्जिनियरिङ्ग सेवा सिभिल समूह कायम गर्ने, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको संगठन संरचनामा सि.डि.ई. रा.प. द्वितीय (जियोलोजी)-१ को पदनाम फरक पर्न गएकोले सोको सट्टा सि.डि.जि. रा.प. द्वितीय (जियोलोजी)-१ कायम गर्ने तथा संगठन संरचना तथा दरवन्दी तेरिजमा वरिष्ठ अर्थशास्त्री रा.प. द्वितीय (विविध)-१ थप गर्ने ।

४६. प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/३६-०७५/३/११ को प्रस्ताव मं.प.बै.सं. १६/०७५ मिति २०७५/३/१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२६ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार देहायबमोजिमसमेत गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने—

प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मातहत रहने निकायहरूको संगठन तथा व्यवस्थापन प्रतिवेदनमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रको संगठन संरचनामा निर्देशक रा.प. द्वि. वन फ.रि./ज.फ. प्रस्ताव भएकोमा सोको सट्टा प्रदेश नं. १, ३, ५ र ७ मा जनरल फरेष्ट (ज.फ.) समूह कायम गर्ने तथा प्रदेश नं. २, ४ र कर्णाली प्रदेशमा फरेष्ट रिसर्च समूह कायम गर्ने ।

४७. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय अन्तर्गतको संघ मातहत रहने निकायहरूको संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/२४-०७५/२/१८ को प्रस्ताव मं.प.बै.सं. १८/०७५ मिति २०७५/३/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने।" निर्णय भएअनुसार मिति २०७५/३/२७ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४८. प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालय मातहत रहने (यातायात अन्तर्गत) निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/४०-०७५/३/१८ को प्रस्ताव मं.प.बै.सं. १८/०७५ मिति २०७५/३/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२७ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४९. प्रदेश सामाजिक विकास मन्त्रालय मातहत रहने निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/४१-०७५।३।१८ को प्रस्ताव मं.प.बै.सं. १८/०७५ मिति २०७५।३।२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२७ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार देहायबमोजिम गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिई अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने—

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयतर्फ नेपाल सरकारको कार्यक्रमसमेतलाई मध्यनजर गरी प्रदेश सामाजिक विकास मन्त्रालयअन्तर्गत रहने कार्यालयका सम्बन्धमा थप गृहकार्य एवं आवश्यक समन्वय गरी उपयुक्त प्रस्ताव गर्ने ।

५०. महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग र सूचना आयोगको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/४२-०७५।३।१८ को प्रस्ताव मं.प.बै.सं. १८/०७५ मिति २०७५।३।२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२७ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार देहायबमोजिम गर्ने गरी अरू प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

(क) महालेखा परीक्षकको कार्यालयको लेखा परीक्षण अधिकारी, रा.प. तृतीय श्रेणीको पदमा थप भएको ८८ र लेखापरीक्षण अधिक्षक, रा.प.अनं. प्रथम श्रेणीको पदमा थप भएको ४८ पदहरूलाई चरणबद्ध रूपमा अर्थ मन्त्रालयसँग बजेट व्यवस्था विषयको समन्वय गरी पदपूर्ति गर्नेको सट्टा हाललाई ५० प्रतिशत र क्रमशः २५/२५ प्रतिशतका दरले क्रमशः पदपूर्ति गर्ने ।

(ख) राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोगको प्रस्तावित विशिष्ट श्रेणीको पदको सट्टा रा.प. प्रथम श्रेणीको प्रशासनिक प्रमुख रहने गरी सम्बन्धित ऐनहरूमा संशोधन गर्नको निमित्त प्रक्रिया अगाडि बढाउने।

(ग) राष्ट्रिय सूचना आयोगको ३९ पदमध्ये शाखा अधिकृत-१ (प्रशासन) समूहको सट्टा शाखा अधिकृत-१ न्याय सेवा (न्याय समूह) राख्ने र राजपत्र अनङ्कित प्रथम श्रेणी, नायब सुब्बा-१ (प्रशासन) समूहको सट्टा राजपत्र अनङ्कित प्रथम श्रेणी नायब सुब्बा-१ न्याय सेवा (न्याय समूह) राख्ने ।

५१. सर्वोच्च अदालत, न्याय परिषद् सचिवालय, महान्याधिवक्ताको कार्यालय र अन्तर्गतका निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/४४-०७५/३/२१ को प्रस्ताव मं.प.बै.सं. १८/०७५ मिति २०७५/३/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२७ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५२. प्रदेश भौतिक पूर्वाधार मन्त्रालय मातहत रहने निकायहरुको (जलस्रोत तथा सिँचाइ अन्तर्गत) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने विषयको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नं. १८/४५-०७५/३/२१ को प्रस्ताव मं.प.बै.सं. १८/०७५ मिति २०७५/३/२४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, प्रशासन समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति २०७५/३/२७ को मन्त्रिपरिषद् प्रशासन समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५३. प्रदेश सरकारअन्तर्गत रहने गरी स्वीकृत भएका डिभिजन वा कार्यालयहरू रहने स्थान सम्बन्धित प्रदेश सरकारले एक महिनाभित्र तोक्ने ।

५४. अन्तर्राष्ट्रिय हवाई परिवहन विषयक नियमहरू एकीकरण गर्ने सम्बन्धमा व्यवस्था भएको महासन्धिमा सम्मिलन हुने विषयको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नं. १७/१३-०७५/२/२५ को प्रस्ताव मं.प.बै.सं. १६/०७५ मिति ०७५/३/१५ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, आर्थिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने ।" निर्णय भएअनुसार मिति

२०७५/३/२८ को मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिको बैठकमा छलफल भई पेश भएबमोजिम स्वीकृत गर्ने ।

५५. राहदानीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय-संसदसमक्ष पेश गर्न स्वीकृति दिने विषयको परराष्ट्र मन्त्रालयको नं. ९/१४-०७५/३/४ को प्रस्ताव मं.प.बै.सं. १५/०७५ मिति २०७५/३/१४ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/३/२८ को मन्त्रिपरिषद् विधेयक समितिको बैठकबाट परिमार्जित यसैसाथ संलग्न "राहदानीसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक" सङ्घीय-संसदसमक्ष पेश गर्न स्वीकृति दिने ।

५६. विद्युतीय राहदानी (ई-पासपोर्ट) जारी गर्न सैद्धान्तिक स्वीकृत गर्ने विषयको परराष्ट्र मन्त्रालयको ९/११।०७५।२।२७ को प्रस्ताव मं.प.बै.सं. १३/०७५ मिति २०७५।३।३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/३/२६ को मन्त्रिपरिषद् सामाजिक समितिको बैठकबाट परिमार्जनसहित पेश भएको अनुसूची-१ को खण्ड (ख) हटाई खण्ड (क) मा उल्लेख भएको आधारभूत विषयहरू समावेश गर्ने गरी विद्युतीय राहदानी (ई-पासपोर्ट) जारी गर्न सैद्धान्तिक स्वीकृति दिने ।

५७. जैविक विविधता महासन्धि अन्तर्गतको NAGOYA PROTOCOL ON ACCESS TO GENETIC RESOURCES AND THE FAIR AND EQUITABLE SHARING OF BENEFITS ARISING FROM THEIR UTILIZATION TO THE CONVENTION ON BIOLOGICAL DIVERSITY अभिसन्धिमा सम्मिलन हुने विषयको वन तथा वातावरण मन्त्रालयको नं. १४/५-०७५/१/२७ को प्रस्ताव मं.प.बै.सं. ८/०७५ मिति २०७५/२/१३ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, सामाजिक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०७५/२/२३ को मन्त्रिपरिषद् सामाजिक समितिको बैठकमा छलफल भई पेश भएअनुसार प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५८. नेपालको संविधानको धारा ५३ बमोजिम यसैसाथ संलग्न नेपाल सरकारको वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७३/०७४ सम्माननीय राष्ट्रपतिसमक्ष पेश गर्ने ।

५९. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ को उपदफा (३) बमोजिम वार्षिक प्रतिवेदन, आर्थिक वर्ष २०७३/०७४ संघीय संसदसमक्ष पेश गर्ने ।

६०. तनहूँ, शुक्ला गण्डकी न.पा.-७, खैरेनीटार निवासी ईन्दिरा तिम्सिनाको निवेदनलाई दृष्टिगत गरी निजको उपचारका लागि सात लाख रूपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।